कन्सोर्टियम-नेपाल
Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह

# मासिक कार्यसम्पादन पत्र

जनवरी २०२४

वर्ष : ३, अंक : १

## जनवरी २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १ - नेपालमा बालअधिकारका  मुद्दाहरूमा संवाद सम्पन्न

४ **जनवरी** २०२४ - कन्सोर्टियम नेपाल र एनएसीजी नेपालले संयुक्त रूपमा नेपालमा बालअधिकारका समसामयिक मुद्दाहरूमा संवादको आयोजना गरेको थियो । कार्यक्रममा UNCRC का उपाध्यक्ष डा. रिन्चेन , महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव इन्दु घिमिरे , राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य सचिव  इन्द्रा देवी ढकाल ,  बाल अधिकारका क्षेत्रमा काम गर्ने संजालहरु, नागरिक समाजका प्रतिनिधिहरु, सदस्य संस्थाहरू र विकास साझेदारहरूका प्रतिनिधिहरू लगायत राष्ट्रिय बाल




पैरवी  परिषद्का सदस्यहरुको उपस्थित रहेको थियो । कार्यक्रममा नेपालमा बाल अधिकारको क्षेत्रमा रहेका सवालहरुको बारेमा छलफल भएको थियो । उक्त कार्यक्रममा नेपालमा रहेका  बालबालिकाको स्थितिको बारेमा ऋतु भट्टले आफ्नो प्रस्तुति दिनुभएको थियो। कार्यक्रममा बोल्दै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका तर्फबाट इन्दु घिमिरेद्वारा बालाधिकरका क्षेत्रमा काम गर्दै आएका सम्पूर्ण संस्था तथा संजालहरुको तर्फबाट राम्रो योगदान रहेको बताउनु भएको थियो । राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य सचिव  इन्द्रा देवी ढकालले राष्ट्रिय बाल अधिकार परिषद् सधै सहकार्य गर्न तत्पर रहेको बताउनु भयो । UNCRC का उपाध्यक्ष डा. रिन्चेनद्वारा बालबालिकाको सवालहरुको विषयमा काम गर्दा बालबालिकाको  सहभागिताको महत्वका बारेमा आफ्ना भनाईहरु राख्नु भएको थियो । कार्यक्रममा  एन. ए .सी .जी .का अध्यक्ष किरण थापाले सम्पूर्ण  सहभागीहरुलाई उपस्थितिका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको खुल्ला छलफलका क्रममा सहभागीहरुले अपांगता भएका बालबालिकाको समान सहभागिताको विषय, स्थानीय तहको बजेट निर्माणका क्रममा बालबालिकाको भूमिका, नेपालमा बाल क्लबहरुको अवस्था, नेपालमा बालबालिकामा लगानी गर्ने क्रममा प्रारम्भिक तहमा रहेका बालबालिकामा लगानीको अभाव, बालबालिकाको क्षेत्रमा पारदर्शिता र जवाफदेहिताको प्रभावकारीता, वैकल्पिक हेरचाहमा रहेका  बालबालिकाको स्थिति, फरक लिङ्ग पहिचान भएका बालबालिकाहरुको सवालहरुको चर्चा गरिएको थियो ।



## २ - अ कप अफ टि वीथ डा. रिन्चेन चोपेल (A Cup of Tea with Ranchen Chophel )



४ **जनवरी** २०२४ , राष्ट्रिय बाल पैरवी परिषद्का सदस्य र युएनसीआरसीका उपाध्यक्ष डा रिन्चेन चोपेलसँग अन्तरक्रिया सम्पन्न भएको थियो । अन्तरक्रियाको क्रममा राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरूले सम्पूर्ण नेपाली बालबालिकाको तर्फबाट बालबालिकाको नेतृत्वको सम्पन्न भएको यूएनसीआर सी रिपोर्टिङ प्रक्रियाबाट सातै प्रदेशबाट सङ्कलन गरिएका बालबालिकाका विभिन्न मुद्दाहरू समेटी तयार गरिएको सुझाब पत्र हस्तान्तरण गरेका थिए । उक्त पत्र बाल विकास, बाल संरक्षण, बालबालिकामा लगानी, बाल शिक्षा, बाल सहभागितामा रहेका सवालहरुमा रहेर तयार गरिएको थियो । अन्तरक्रियामा राष्ट्रिय बाल पैरवी परिषदका सदस्यहरुले नेपाल अतिकम विकसित मुलुकबाट विकसित मुलुकमा उतिर्ण हुदै गर्दा बाल अधिकारका क्षेत्रमा वकालत गर्ने सरोकारवाला लगायत संजालहरुलाई कस्तो किसिमको चुनौती आउन सक्छ र यस्ता चुनौतीहरुलाई कसरी सामना गर्न सकिन्छ तथा लैंगिक तथा अल्पसंख्याक समुदायमा रहेका बालबालिकाहरुलाई कसरी समान र अर्थपूर्ण सहभागिता गर्न सकिन्छ जस्ता सवालहरु राखेका थिए । यस्तै संयुक्त राष्ट्रसंघ, बाल अधिकार समितिले आयोजना गर्ने मुख्य सत्र अघिको बैठक र मुख्य सत्रको बैठकमा छिटै नेपालको सेडुलिङ्ग चाहेको तथा उक्त सत्रमा बालबालिकाको सहभागिता चाहेको प्रस्ताव गरेका थिए ।अन्तरक्रियाको क्रममा उपाध्यक्ष डा चोपेलले आफ्नो बहुमूल्य टिप्पणी दिनुभयो र यूएनसीआरसीका प्रमुख सदस्यहरू बीच नेपाली बालबालिकाका मुद्दाहरूमा छलफल गर्ने विषयमा आफु सकारात्मक रहेको बताउनु भयो ।

## ३ - बालिकाहरु संगको परामर्श कार्यक्रम सम्पन्न

१७ **जनवरी** २०२४ ,कन्सोर्टियम नेपालले गुड शेफर्ड इन्टरनेशनल फाउन्डेसन/ शुभ अवसर ग्राम नेपालको सहयोगमा बालिकाहरूको समूहसँग परामर्श कार्यक्रम सम्पन्न भएको थियो । छलफलका मुख्य उद्देश्य योजना प्रक्रियामा बालिकाहरू कसरी संलग्न भइरहेका छन् भन्ने बारेमा छलफल गर्नु थियो । साथै बालिकाहरूको आवाज उठाउनको लागि के कस्तो विषयको पहिचान गर्नुपर्छ भन्ने विषयमा छलफल गरिएको



थियो । छलफलको क्रममा आएका विषयहरुलाई समेटेर बालिकाहरूको वास्तविक आवश्यकताको आधारमा योजना र नीति पत्र तयार गर्ने उद्देश्यका साथ उक्त परामर्श कार्यक्रम सम्पन्न भएको थियो । परामर्शमा १९ बालिकाहरुको सहभागिता रहेको थियो । उक्त छलफलका क्रममा बालिकाहरुको समस्या, समाधान गर्न आवश्यक भूमिका निर्वाह गर्ने सम्भावित सरोकारवालाहरुको हुन सक्छन भन्ने विषयमा रहेर छलफल गरिएको थियो । कार्यक्रममा विभिन्न बाल क्लब, बालिका सञ्जालका बालबालिकाहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण कन्सोर्टियम नेपालका कार्यक्रम संयोजक गौरव के. सीले गर्नु भएको थियो । निर्णय प्रक्रियामा बालिकाहरूको समान सहभागिता नहुनु, उचित पारिवारिक सहयोगको अभाव, पारिवारिक बोझ कम गर्न परिवारद्वारा कम उमेरमा विवाह, कामको दबाव, बाल श्रम, स्थानीय तहको योजना प्रक्रियामा अर्थपूर्ण सहभागिता नहुनु, र यौन उत्पीडन प्रमुख समस्याहरूका बारे मा छलफल भएको थियो । यसका साथै बालिकाहरूको समान अधिकारका लागि सरकारले बालिका सशक्तिकरण, शिक्षा र संलग्नता सम्बन्धी योजना र नीतिहरू तर्जुमा गर्न सक्रिय भूमिका खेल्नुपर्ने, बालिकाहरूलाई सशक्तिकरण गर्न बालिकाहरूको सहभागिता बढाउन परिवारको सहयोगको भूमिका अत्यन्त महत्तवपूर्ण रहने कुरा प्रस्ट पारेका थिए । बालिकाको अधिकार उल्लङ्घनका विरुद्ध आवाज उठाउन बालमैत्री विद्यालय र समुदाय, बालिकाको सहभागिताका मुद्दाहरू उठाउन बाल क्लब सञ्जालको गठन र परिचालन बालिकाहरूलाई सशक्तिकरण गर्ने महत्तवपूर्ण कारकहरू रहेको विषयमा चर्चा गरिएको थियो ।

## ४- कन्सोर्टियम नेपाल २०२४ २०२६ को रणनीतिक योजना निर्माण सम्बन्धि कार्यशाला सम्पन्न

२० **जनवरी** २०२४, कन्सोर्टियम नेपाल २०२४ २०२६ को रणनीतिक योजना निर्माण सम्बन्धि कार्यशाला सम्पन्न भएको छ। कार्यशालामा कन्सोर्टियम नेपालका कार्यसमितिका पधादिकारी तथा सदस्यहरु, कन्सोर्टियम नेपाल स्रोत व्यक्ति समूहका संयोजक लगायत पुर्व अध्क्षहरुको उपस्थिति रहेको थियो । कार्यशालाबाट कन्सोर्टियम नेपालले अबको दुई वर्ष सम्म क कस्ता किसिमका अभियान तथा कार्यक्रम गरेर अगाडी बढ्न सकिन्छ भन्ने विषयमा छलफल गरि योजना तर्जुमा गरिएको थियो ।



## ५ - कन्सोर्टियम-नेपालको कार्यसमिति बैठक सम्पन्न

२१ **जनवरी** २०२४, कन्सोर्टियम नेपालका अध्यक्ष श्री सन्तोष महर्जनको अध्यक्षतामा कार्यसमिति बैठक सम्पन्न भएको छ । यस बैठकको मुख्य उद्देश्य हाल सम्मका कार्यक्रम तथा आर्थिक जानकारी, सदस्य संस्था विस्तारको सम्बन्धमा लगायत अन्य समसामयिक विषयमा छलफल गरिएको थियो । उक्त बैठकमा कन्सोर्टियम नेपालका कार्यक्रम संयोजक श्री गौरव के.सीले हालसम्म



भएको कार्यक्रम प्रगतिहरुका बारेमा र लेखा हेर्नुहुने यसोदा बरालले आर्थिक जानकारी दिनुभएको थियो । छलफलमा पदाधिकारी एवं सदस्यहरुले कन्सोर्टियम नेपालले सञ्चालन गर्नुपर्ने अभियानहरुको सम्बन्धमा विमर्श हुनका साथै भावी योजनाहरुको सम्बन्धमा विश्लेषणात्मक अन्तरक्रिया भएको थियो ।

## प्रादेशिक गतिविधिहरु

### बागमती प्रदेश

### १ - कन्सोर्टियम नेपाल बागमती प्रदेशको सचिवालय स्थापना

प्रदेश संयोजकले नेतृत्व गरिरहेको संस्था युवाका साथ साथ आवाज, नेपाल स्थित स्थापना गरिएको छ । कन्सोर्टियम नेपाल बागमती प्रदेशको सचिवालय उद्घाटन कार्यक्रम सफलता पुर्वक सम्पन्न भएको छ । यस



कार्यक्रमको अध्यक्षता कन्सोर्टीयम बागमती संयोजक तथा याभ नेपालका अध्यक्ष सुजन अधिकारीले गर्नु भएको थियो । यस कार्यक्रममा प्रमुख अतिथीको रुपमा एनएसिजीका अध्यक्ष किरण थापा , विशिष्ट अतिथीको रुपमा कन्सोर्टीयम नेपालका अध्यक्ष सन्तोष महर्जन , महासचिव अनिता पाण्डे र गैरसरकारी संस्था महासंघ भक्तपुरका सचिव रमेश गिरी लगायतको उपस्थिती रहेको थियो ।

### २ - जलवायु न्याय: किशोरीहरूको सवाल' विषयमा एक दिने कार्यशाला सम्पन्न

युवाका साथ साथ आवाज, नेपाल र कन्सोर्टिमय नेपाल, बागमती प्रदेश कार्यालयको संयुक्त आयोजनामा 'जलवायु न्याय: किशोरीहरूको सवाल' विषयमा एक दिने कार्यशाला शनिवार सम्पन्न भएको थियो । कार्यक्रमलाई प्लान इन्टरनेसनल, युवालय, बियोण्ड बेइजिङ कमिटी, गुडह्वुएव फाउन्डेशन, जेसिवाइसिएन, नेसनल कोलिएसन फर गर्ल्स राइट्सको सहयोग तथा ऐक्यवद्धता रहेको थियो । उक्त कार्यक्रममा ४० जनाको सहभागीमा रहेको थियो । उक्त कार्यक्रममा तीनवटा विषयगत सत्र रहेका थिए ।प्लान इन्टरनेशनलबाट क्याम्पेन एडिमिनिस्ट्रेटर लक्ष्मी चौधरी, बियोण्ड बेइजिङ कमिटीबाट सुष्मा श्रेष्ठ र वातावरण क्षेत्रका अनुसन्धानकर्ता सुदिक्षा ढकालले कार्यक्रममा जलवायु परिवर्तनका कारणबाट किशोरी तथा




महिलाहरूलाई के कसरी प्रभाव पारिरहेको छ , यसका लागि के-कसरी आवाज उठाउने र कसरी अभियानलाई अघि बढाउने भन्ने विषयमा जानकारी प्रदान गरेका थिए । कार्यक्रममा विभिन्न विषय अध्ययन गर्ने विद्यार्थीहरूको उपस्थिती रहेको थियो । उनीहरूले आफूले सिकेका कुरालाई आफ्नो स्थानीय समुदायमा सिकाउने र बहसलाई स्थानीयकरण गर्ने प्रतिवद्धता पनि जनाएका थिए । कार्यक्रमको समापनमा युवालयका अध्यक्ष धर्मराज रिमालले युवाहरूले देशका विभिन्न विषयमा आफ्नो पुस्ताको स्वार्थलाई अघि सारेर सकारात्मक बहस छोड्नुपर्ने बताए ।कार्यक्रमको समापन गर्दै युवाका साथ साथ आवाज नेपालका अध्यक्ष एवं कन्सोर्टियम बागमती प्रदेशका संयोजक सुजन अधिकारीले

वातावरण संरक्षण, जलवायु न्यायका क्षेत्रमा गरेको कार्यको संक्षिप्त झलक प्रस्तुत गरेका थिए ।

## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १. बालमैत्री स्थानीय शासन प्रवर्धन गर्न विभिन्न कृयाकलाप सञ्चालन



रिलिफ नेपाल सिन्धुली र फिक्कल गाउँपालिका ५ नम्बर वडाको साझेदारीमा वडालाई बालश्रम मुक्त गर्नको लागि प्रत्येक पसल, होटेल, ग्यारेज, सवारी साधनहरूमा बालश्रम मुक्त स्टिकर अभियान सञ्चालन भएको छ । वडामा स्थित सबै होटेल व्यवसायी, साना उद्योग, व्यापारी, यातायात व्यवसायी, वडा समिति, प्रहरी प्रशासन, स्वास्थ्य चौकी, स्थानीय बुद्धिजीवी, पार्टी प्रतिनिधि र बालक्लबको उपस्थितिमा बालश्रम मुक्त अभियान सञ्चालन गरिएको छ । कार्यक्रममा सहभागीहरूलाई बालश्रमबाट बालबालिकामा पर्ने असर र कानुनी कारबाहीको बारेमा जानकारी गराई बालबालिकालाई कुनै पनि होटेल, पसल, लगायत अन्य ब्यवसायमा श्रम गराउन नपाइने र सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा स्कुल पठाउनु पर्ने प्रतिवद्धता गरिएको छ । सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकाका ४,५,६,७,१०,११, गोलन्जोर गाउँपालिकाका १,२,३,४,६ नं. वडा र फिक्कल गाउँपालिकाको १,२,३ र ४ नं. वडाको ३० जना किशोरकिशोरहरुले रुपान्तरण जीवनउपयोगी सीप तथा आत्मरक्षा प्रशिक्षक प्रशिक्षण तालिम पाए पश्चात् आफ्नो समुदायमा १२ देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीहरूलाई जीवन उपयोगी सीप तथा आत्मरक्षा कक्षा सञ्चालन सुरु भएको छ । २४ हप्तासम्म सञ्चालन हुने तालिम अवधिभरिका लागि आवश्यक सामाग्री तीनपाटन तथा गोलन्जोर गाउँपालिले आफ्ना वडाका बालबालिकालाई हस्तान्तरण गरेको छ ।



सिन्धुली जिल्लाको तीनपाटन-४ र फिक्कल-५ मा १-१ वटा बालक्लब गठन भएको छ । ६८ जना बालबालिकाहरुले बालश्रम तथा बालविवाह अन्त्य गर्न र आफ्नो समुदायमा जनचेतना फैलाउन विभिन्न स्थानमा जनचेतनामुलक र्याली सञ्चालन गरेका छन् ।

## कन्सोर्टियम नेपालले जनवरी २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 7th January 2024- Panel Discussion on Alcohol Abuse and Gender Based Violence | Saathi |
| २ | 8th January 2024- Consultation Meeting on Second Draft of Sixteenth Periodic Plan | NFN |
| ३ | 10th January 2024: Book Lunching program: For our futures: youth voices on climate justice and education | Plan International |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल


**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौँ

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com